# एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि , २०८२

सोरु गाउँकार्यपालिकाबाट स्वीकृत मिति २०८३।०३।०९

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा,मुगु
कर्णाली प्रदेश,नेपाल

सोरु गाउँपालिका जिमा मुगु

प्रमाणिकरण गर्नेको दस्तखतः
धर्म बहादुर शाही
गाउँपालिका अध्यक्ष

# सोरु गाउँपालिका

## स्थानीय राजपत्र

| खण्डः | संख्याः | मितिः |
|---|---|---|

### एकल पुरुष भत्ता वितरण सम्वन्धी कार्यविधि , २०८२

**प्रस्तावना**

स्थानीय सरकार सञ्चान ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड ( त) को व्यवस्था बमोजिमजि सोरु गाउँपालिका भित्र रहेका एकल पुरुषहरूको सामाजिक सुरक्षा सुनिस्चित गर्न सोरु गाउँपालिकाको आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम बमोजिम सोरु गाँउ कार्यपालिकाको मिति २०८३/०३/ गतेको निणय बमोजिम कार्यविधी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "एकल पुरूष भत्ता वितरण सम्वन्धी कार्यविधि, २०८२ रहेको छ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाको वैठकले पारित गरी स्थानीय राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

**२. परीभाषाः** विषय वा प्रसंगिले अर्को अर्थ नलागमा यस कार्यविधिमा ;

क) "एकल पुरुष" भन्नाले पत्नीको मृत्यू भई अको विवाह नगरेको ४० वर्ष उमेर पूरा भएको र ५९ वर्ष ननाघेको पुरूष तथा विवाह नगरेको ३५ वर्ष उमेर पुरा भएको पुरुष र ५९ वर्ष ननाघेको पुरुष सम्झनु पर्नेछ ।

ख) "गाउँपालिका" भन्नाले सोरु गाउँपालिका सम्झनु पर्दछ ।

ग) "कार्यालय" भन्नाले सोरु गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

घ) "वडा कार्यालय" भन्नाले यस गाउँपालिका अन्तरगतका सम्पूणय वडा कार्यालयहरु सम्झनु पर्दछ ।

ङ) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

च) "भत्ता" भन्नाले यस कार्यविधिको दफा ५ बमोजिमको रकम सम्झनु पर्दछ ।

**३. एकल पुरुषले भत्ता पाउनेः**

(१) यस कार्यविधिको अधिनमा रही देहाय बमोजिमका योग्यता पुगेका पुरुषहरू एकल पुरूष भत्ता पाउन योग्य हुनेछनः

क) नेपाली नागरिक,

ख) सोरु गाउँपालिकाको स्थायी वासिन्दा,

ग) पत्नीको मृत्यू भई अर्को विवाह नगरेको, अविवहित तथा सम्बन्ध विच्छेद भएको ३५-५९ वर्ष उमेरका पुरुषहरु,

**४. एकल पुरुष भत्ता नपाउनेः**

(१) दफा ३ बमोजिम योग्यता पुगेको भए पनि देहाय बमोजिमका पुरुषहरुले एकल पुरूष भत्ता पाउन सक्ने छैनन्:

क) कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्त, निर्वाचित तथा मनोनित भएको,

ख) सरकारी कोषबाट निवृत्तीभरण पाइरहेको,

ग) प्रचलि कानून बमोजिम अन्य सामाजिक सुरक्षा भत्ता लिइरहेको,

सोरु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जिमा, मुगु कर्णाली प्रदेश, नेपाल

विरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत

CamScanner

५. भत्ता रकम र विवरण:

(१) एकल पुरुषले मासिक रु २०००।-(अक्षरुपी दुई हजार मात्र )का दरले भत्ता पाउने छ।

(२) उपदफा १ बमोजिमको भत्ता सम्बन्धित वडा कार्यालयबाट अन्य सामाजिक सुरक्षा भत्ता वितरण गर्ने समयमा गरिने छ।

(३) गाउँपालिकाको बैङ्किङ कारोबार रहेको बैंक खातामा भत्ता रकम भुक्तानी हुनेछ।

(४) भत्ता सुरु कार्यविधि पारित भएको आर्थिक वर्ष २०८२।०८३ को साउन १ गतेबांट लागु हुनेछ र अन्य आर्थिक वर्षको हकमा निवेदन दिएको अर्को महिनाबाट हुनेछ।

६. निवेदन दिनुपर्ने:

(१) दफा ३ बमोजिमको भत्ता पाउन योग्य नागरिकले सम्बन्धित वडा कार्यालय बाट अनुसूची- १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनका साथ देहायका कागजात निवेदकले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ।

क) नेपालि नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

ख) पत्नीको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि तथा अर्को विबाह नगरेको प्रमाणित गर्ने वडा कार्यालयको सिफारिस,

ग) अविबाहितको हकमा निज व्यात्ति अविवाहित रहेको भन्ने वडा कार्यालयको सिफारिस ।

(३) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले पन्द्र दिन भित्र संलग्न कागजातको छानविन गरी निणय गर्नुपर्नेछ।

(४) उपदफा (३) बमवजिम छानविन गर्दा एकल पुरुष भत्ता नपाउने देखिएमा वडा कार्यालयले निवेदकलाई कारण खुलाई लिखित जानकारी दिनुपर्नेछ।

(५) उपदफा (३) बिमोजिम छानविन गर्दा एकल पुरुष भत्ता पाउने देखियमा वडा कार्यालयले त्यस्तो विबवण वडा अध्यक्ष बाट प्रमाणित गरी वडा कार्यालयको सूचना पाटीमा टाँस गरी गाउँपालिकामा सिफारिस पठाउनु पर्नेछ ।

७. परिचय-पत्र दिनु पर्ने:

(१) यस कार्यविधि बमोजिम एकल पुरूष भत्ता पाउने नागररकिाई गाउँपालिकाले अनुसूची-२ बमोजिम परिचयपत्र उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परिचयपत्र नलिएका नागरिकले एकल पुरुष भत्ता पाउने छैनन्।

(३) उपदफा (१) बमोजिम प्राप्त परिचयपत्र हराएमा प्रयोग गर्न नमिल्ने भएमा रु. १०० (सय) दस्तुर संलग्न गरी अनुसूची-३ बमोजिम निवेदन दिई प्रतिलिपिल प्राप्त गर्न सकिनेछ।

८. अभिलेख राखुपर्ने:

(१) वडा कार्यालयले दफा ६ बमोजिम परेका निवेदनको अभिलेख अनुसूची-४ बमोजिमको ढाँचामा राखुपर्नेछ । दफा १० बमोजिम प्राप्त नविकरण निवेदनउपर समेत कारबाही गरी वडा कार्यालयले अनुसूचीमा नयाँ निवेदन र नविकरणको कैपियत खोली आर्थिक वर्ष सुरू भएको १ (एक) महिना भित्र कार्यालयमा अभिलेख प्रमाणित गरी पठाउनु पर्नेछ। सोको एक प्रति वडा कार्यालयको सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।

(२) यस कार्यविधि वमोजिम एकल पुरूष भत्ताको अभिलेख कार्यालयले सबै वडा कार्यालयर्हरूबाट प्राप्त अभिलेख एकीकृत गरी अनुसूची-५ बमोजिमको ढाँचामा राखु पर्नेछ। उक्त अभिलेख प्रमाणित गरी कार्यालयको सूचना पाटीमा टाँस गरी वेबसाइटमा समेत प्रकाशित गर्नु पर्नेछ ।

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु
कर्णाली प्रदेश, नेपाल

विरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत

CamScanner

९. अभिलेख बाट नाम हटाउने:

देहाएको अवस्थामा कार्यालयले एकल पुरुष भत्ता पाउने नागरिकको नाम अभिलेख बाट हटाउनेछ:

क) एकल पुरुषले विबाह गरेमा,

ख) बसाइ सरी अन्यत्र गएमा,

ग) प्रचलि कानून बमोजिम अन्य सामाजिक सुरक्षा भत्ता लिएमा,

घ) कुनै सरकारी सारबजनिक पदमा नियुक्त, निर्वाचित र मनोनयन भएमा र

ङ) निजको मृत्यु भएमा ।

१०. नविकरण गर्नुपर्ने:

(१) यस कार्यविधि बमोजिम भत्ता पाउने एकल पुरुषले प्रत्यक श्रावण महिना भित्र अनुसूची-६ बमोजिमको ढाँचामा नविकरणका लागि सम्बखन्ध वडा कार्यालय समक्ष देहायका कागजात प्रमाणित गरी संकलन राखी निवेदन दिनु पर्नेछ।

क) एकल पुरूष परिचयपत्रको प्रतिलिपि ,

ख) पत्नीको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि तथा अर्को विबाह नगरेको प्रमाणित गर्ने वडा कार्यालयको सिफारिस,

ग) अविबाहितको हकमा निज व्याक्ति अविबाहित रहेको भन्ने वडा कार्यालयको सिफारिस ।

(२) वडा कार्यालयले आर्थिक वर्ष सुरू भएको १ महिना भित्र अनुसूची ४ बमोजिमको ढाँचामा नविकरण अभिलेख प्रमाणित गरी गाउँपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

११. कसुर गरेको मानिने:

(१) कसैले विवरण ढाँटी यस कार्यविधि बमोजिम एकल पुरूष भत्ता लिएमा कसुर गरेको मानिनेछ ।

(२) कसैले उपदफा (१) बमोजिमको कसुर गरेमा त्यस्तो कसुर गर्ने व्याक्तिले लिएको रकमलाई विगोकायम गरी सो असुल गरी बिगो वराबरको जरिमाना हुनेछ ।

१२. अनुगमन सम्वन्धि व्यवस्था: एकल पुरुष भत्ता पाउने व्यक्तिको अभिलेख व्यबस्थापन तथा भत्ता वितरणको अनुगमन अध्यक्ष वा निजले तोकेको गाउँपालिकाको कुनै सदस्य वा कर्मचारीले गर्नेछ ।

१३. संशोधन: गाउँ कार्यपालिकाले यस कार्य विधिलाई अवस्यकता अनुसार संसोधन गर्न सक्नेछ ।

१४. बाधा अड्काउ फुकाउने: यस कार्यविधि कार्यन्वयन गर्दा कुनै वाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले आबस्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

आज्ञाले
बिरेन्द्र मल्ल
प्रमुख प्रशासकीय अधिकृत
सोरु गाउँपालिका जिमा मुगु ।

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु
कर्णाली प्रदेश, नेपाल

बिरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची १

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

एकल पुरुष भत्ताको नाम दर्ताका लागि दिइने निवेदनको ढाँचा

मितिः................................

श्री वडाअध्यक्ष ज्यू,

......वडा कार्यालय

सोरु गाउँपालिका, जिमा मुगु।

विषयः नाम दर्ता गरिदिने सम्बन्धमा ।

म निवेदक एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि, २०८३को दफा ३ बमोजिम भत्ता पाउनका लागि योग्य भएकाले एकल पुरुष भत्ता पाउने सूचीमा नाम दर्ता गरिदिनुहुन देहायको विवरण सहित यो निवेदन पेश गरेको छु।

नाम थरः ........................................................................................................

बाबु / आमाको नाम थरः ..........................................................................................

जन्म मितिः ..........................................................................................................

स्थायी ठेगानाः सोरुगाउँपालिका वडा नं. ..........., ............................................, मुगु ।

ना.प्र.प.नं. .................................................... जारी मितिः ..............................................

पत्नीको नाम थरः ................................................................................................

पत्नीको मृत्यु भएको मितिः .................................................. मृत्यु दर्ता नं. ........................

मृत्यु दर्ता जारी गर्ने निकायः ..................................................................................

अविबाहितको हकमा

दर्ता नं.................................................... दर्ता मितिः...............................

संलग्न गर्नु पर्ने कागजातहरु

१. नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

२. पत्नीको मृत्यु दर्ताको प्रमाणित प्रतिलिपि / अविबाहितको हकमा वडाको सिफारिस

३. फोटो ३ प्रतिक

(म यस कार्यविधिको दफा ४ बमोजिम अयोग्य नभएको प्रमाणित गर्दछु साथै दफा ४ बमोजिम अयोग्य ठहरिएमा वा मैले पेश गरेको विवरण झुठा ठहरेमा यस कार्यविधिको दफा ११ बमोजिम तथा प्रचलि कानून बमोजिम सजाय भोग्न मन्जुर छु।)

.................................

निवेदकको हस्ताक्षर

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु
कर्णाली प्रदेश, नेपाल

विरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत

## सम्बन्धित वडा कार्यालयले भर्ने

निवेदन दर्ता नं. ................................ दर्ता मिति: ..........................

रुजु गर्नेको नाम थर: .................................................... पद:..............................

रुजु गर्नेको सहि: ......................................

## संवन्धित गाउँपालिकाले भर्ने

नाम दर्ता गर्ने निर्णय मिति:...................... विवरण भर्नेको नाम थर: ........................

परिचय पत्र नं. .............................................. पद: ..........................................................

भत्ता पाउने आ. व. .................................... कार्यालयको छाप: ....................................

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु
कर्णाली प्रदेश, नेपाल

बिरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची २

(दफा ७ को उपदफा (१) सँग सम्बखन्ध)

## पररचर्-पत्रको ढाँचा

सोरु गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

जिमा, मुगु

### एकल पुरुष परिचय-पत्र

फोटो

परिचयपत्र नं.........................

नाम थर:.........................

ठेगाना: सोरु गा.पा.वडा नं...., ______

सोरु घ.नं. .........................

बाबुको नाम थर: ______

आमाको नाम थर: ______

जन्म मिति: ______

नविकरण संवन्धि विवरण

प्रमाणित गर्नेको दस्तखत: ______

नाम: ______

पद: ______

मिति: ______

भत्ता लिन आउदा यो कार्ट साथै लिई आउनु पर्नेछ ।

| नविकरण मिति | नविकरण अवधि | विवरण भर्ने किर्मचारीको नाम | प्रमाणित गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु
कर्णाली प्रदेश, नेपाल

विरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची ३
दफा ७ को
उपदफा (३) सँग सम्वन्धित
परिचय-त्रको प्रतिलिपि माग गर्ने निवेदनको ढाँचा

मितिः ..................

श्री प्रमसख प्रशासकिय अधिकृत ज्यू ,
सोरु गाउँ कार्यपालिकाको कार्यालय ,
जिमा, मुगु ।

विषयः एकल पुरूष परिचय-पत्रको प्रतिलिपि पाउँ ।

म देहायको विवरण भएको एकल पुरूप परिचय-पत्र वालाको परिचय-पत्र हराएको / नष्ट भएको हुँदा एकल पुरुष भत्ता वितरण सम्वन्धी कार्यविधि, २०८३ को दफा ७ को उपदफा (३) बमवजिम लाग्ने शुल्क तिरि सोको रसिद र तपशिल बमोजिमका कागजात संलग्न राखी एकल पुरूष परिचय-त्रको प्रतिलिपि उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु

नामः .........................................................................
परिचय-पत्र नं. .........................................................
ठेगानाः.........................................................................
सम्पर्क नं. ....................................................................

संलग्न कागजातहरुः
(क) नेपाली नागरीकतको प्रमाण-पत्रको प्रतिलिपि
(ख) एकल पुरुष परिचय-पत्रको प्रतिलिपि
(ग) फोटो १ प्रति

.........................
निवेदकको दस्तखत

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु
कर्णाली प्रदेश, नेपाल

बिरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची ४

दफा ८ को उपदफा (१) सँग सम्बन्धित

एकल पुरुष भत्ताका लागि प्राप्त/नविकरण निवेदनको अभिलेख ढाँचा

सोरु गाउँपालिका वडा नं............

<u>एकल पुरुष भत्ताका लागि प्राप्त/नविकरण निवेदनको अभिलेख</u>

| क.सं. | निवेदकको नाम | ठेगाना | ना.प्र.प.नं. | ना.प्र.प. जारी जिल्ला | दर्ता नं. | दर्ता मिति | दफा ३ बमोजिमको योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

वडा कार्यालयको सूचना पाटीमा टाँस गरेको मितिः ................................

<u>प्रमाणित गर्ने वडा अध्यक्षको नाम:</u>..............................................

दस्तखतः ...............................

मितिः .............................................

बिरेन्द्र मल्ल

प्रमुख प्रशासकिय अधिकृत

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु
कर्णाली प्रदेश, नेपाल

अनुसूची ५
दफा ८ को उपदफा (२) सँग सम्बन्धित
सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, जिमा, मुगु ।

## एकल पुरुष भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण

| क्र.स. | लाभग्राहीको नाम | परिचय-पत्र नं. | ठेगाना | भत्ता प्राप्त सुरु मिति | ना.प्र.प.नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

.......................................
तयार गर्नेको दस्तखत:

नाम:.........................

पद:...........................

.......................................
प्रमाणित गर्नेको दस्तखत

नाम:.........................

पद:................................

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा,मुगु
कर्णाली प्रदेश,नेपाल

बिरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत

CamScanner

अनुसूची ६
दफा १० को उपदफा (१) सँग सम्वन्धित
नविकरणको लागि निवेदनको ढाँचा

मितिः .....................

श्री वडा अधयक्ष ज्यू ,
........नं. वडा कार्यालय ,
सोरु गाउँपालिका, जिमा, मुगु ।

**विषयः एकल पुरूष भत्ताको लागि नविकरण गराइदिने बारे।**

म देहाएको विवरण भएको एकल पुरुष परिचय-पत्र बाहकले एकल पुरूष भत्ता प्राप्त गरररहेको छु। एकल पुरुष भत्ता वितरण सम्वन्धी कार्यविधि, २०८३ को दफा १० को उपदफा (१) बिोखजिका कागजात संलग्न राखी आ.व. ......... का लागि नविकरण गरिदिनहुन अनुरोध गर्दछु।

नामः .......................................................
परिचय-पत्र नं..............................................
ठेगानाः....................................................
सम्पर्क नं..................................................

संलग्न कागजातहरु
(क) एकल पुरूष परिचय-पत्रको प्रचतिलिपि ,
(ख) पत्नीको मृत्यु भएको हकमा अर्को विवाह नगरेको वडाको सिफारिस र
(ग) अविवानहितको हकमा हाल सम्म अविवाहित रहेको वडाको सिफारिस ।

........................
निवेदकको दस्तखत

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा,मुगु
कर्णाली प्रदेश,नेपाल

बिरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत